परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरूमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष १२ ❑ अंक १८ २०८० मंसिर २४ गते आईतवार Sunday 10, DEC 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हात्ती आतंकले भएको मानवीय र कृषिबालीको क्षतिपुर्ति सरकारसँग माग

विराटनगर । मोरंगको बेलवारी नगरपालिका वडा नं. १० शान्ति टोल, भाउन्नेटोल लगायतको ठाउँमा हात्ती आतंकले भएको मानवीय क्षति र कृषिबाली क्षतिको क्षतिपूति सरकारसंग बेलवारी बासीले माग गरेका छन् ।

लस्करै हिंड्ने हात्तीको बथानले दिनहुँ आतंक मचाई रहको छ । कृषकहरुले लगाएको मकै, केरा, तोरी लगायतका विभिन्न कृषिबाली सखाप पारेको छ भने हात्तीको आतंकले बेलकारीका सर्वसाधारण आम जनता रातभरी त्रासमै जीवन विताई रहका छन् ।

मंसिर तेस्रो हप्ता शुरु भएदेखि नियमित हात्तीको बथानले रातीको समयमा सर्वसाधारणको घर भत्काइ दिनेदेखि बालीनाली खाने र नष्ट गर्ने गरेको छ । हात्तीको आतंकले बेलबारी-१० शान्ति टोलका अधिकांस मानिसहरु खाद्यन्नका सामग्री घनावस्ती तर्फ ओर्सान थालेका छन् ।

साफ ५ वजेदेखि ११ वजे रातीको समयमा प्रत्येक दिन लस्करै हात्तीको हुल हिँड्ने गरेको र हात्तीको हुलले मकै, केरा, तोरी लगायतका विभिन्न बाली-नाली खाने गरेको छ । हात्तीको हुलले घरेलु मदिरा र मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थप्रति हात्ती अति आक्रामक हुने गरेका बेलवारी-१० का हात्ती पिडीत घिनेन्द्र दुलाल र गुंडप्रसाद डोटेलले भनाई छ ।

जंगल क्षेत्रमा हात्तीको आवत-जावत बाक्लो भएकाले दिउँसो एक्लै हिँडडुल गर्न समेत समसया भएको स्थानीयको भनाई छ । राती गाउँमा बसन समेत समस्या भएको उनीहरुले दुखेसो समेत व्यक्तगरेका छन् ।

गाउँ नजिकेको जगंलमा हात्ती दिनभरी बस्छन् र साफ ६ बजेदेखि हात्ती गाउँमा पसेर बालनाली नष्ट गर्न थाछ, अर्का पिडीत कष्ण हुमागाईले बताए ।

हात्तीको बथानमा एउटा छावा (हात्तीको बच्चा) पनि छ । बच्चा साथमा भएकाले पनि हात्ती अलि बढी आक्रामक भएको हुन सकिने स्थानीयहरुले अनुमान गरेका छन् । बेलाबारी-१० मा कृषकहरुले करीब एक सय विगहामा लगाएको मकै, केरा, तोरी लगायतका विभिन्न बालीनाली लगाएका छन् । हात्तीको आतंकले एक हप्तामा ४० प्रतिशत भन्दा बढी बाली नष्ट भईसकेको छ । कृषहरुले लाखौं खर्च गरेर लगाएको बालि हात्तीको आतंकले नष्ट भएको छ । पिडीत कृषकहरुका लागि कृषक महासंघ मोरङका अध्यक्ष बसन्त हुमागाईले तिनै तहको सरकारसंग क्षतिपूर्तीको माग गरेका छन् ।

२०-२२ वटाको संख्यामा रहेको हात्तीको बथानलाई स्थानीयहरुले प्रत्येक दिन रातभर जागेर हात्तीलाई जंगलतर्फ धपाउँदै आईरहेका छन् । हात्ती

वांकी अन्तिम पेजमा...


हात्ती आतंकबाट पिडित भएका बेलवारीका किसानहरु । तस्वीर : पदम सरदार

## आगलागी हुँदा तीनको मृत्यु चालीस लाख बरावरको क्षति

विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-७ स्थितमा रहेको कवाडी पसलमा आगलागी हुँदा तीन जनाको मृत्यु भएको छ भने तीन जना घाईते भएका छन् । सातघुम्ती स्थित कवाडी पसलमा अचानक आगलागी हुँदा बिराटनगर-६ का ४० बर्षीय दिपक मण्डल, ५५ बर्षीया सुशिला पासवान र ६४ बर्षीय सुनिता कामतको मृत्यु भएको छ ।

सुशिला पासवानको घटना स्थलमा नै मृत्यु भएको थियो भने मण्डलको उपचारको लागि अस्पताल लैजाने क्रममा र सुनिता कामतको किर्तिपुर स्थित वर्न अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

आगोमा परी घाईते भएका बिराटनगर-६ का ५८ बर्षीय किशोर पासवान, ६० बर्षीया रिता सरदार र कटहरी गाउँपालिका-६ की ३० बर्षीया पिङ्की कामतको किर्तिपुर स्थित वर्न अस्पतालमा उपचार भईरहेको छ ।

घाईतेहरुलाई नेपाली सेनाको एयर एम्वुलेन्सद्वारा उपचारको लागि लगिएको थियो भने उक्त आगो ६ वटा दमकल, स्थानिय बासी र नेपाल प्रहरीको सहयोगमा नियन्त्रण गरिएको र आगलागिबाट करिव ४० लाख बरावरको क्षेति भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## पञ्चालीको खुल्ला चौरमा महिलाको शव फेला

विराटनगर । विराटनगर महानगरपालि वडा नं. १२ स्थित पाञ्चालिको खुल्ला चौरमा एक महिलाको शव फेला परेको छ ।

महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसको उत्तरपट्टिको चौरमा ३५-४० वर्षको जस्तो देखिने महिलाको शव खुल्ला चौरमा फेला परेको हो ।

मृतक महिला विराटनगर बसपार्कमा बस्दै आएकी ३३ वर्षीया बन्दना मगर रहेको वडा प्रहरी कार्यालय विराटनगरका डिएसपी विजय श्रेष्ठले जानकारी दिए । मृतक महिलाको माइती सुनसरीको चकरघटी रहेको छ । उनी विराटनगर बसापार्कमा बस्ने गरेको बुफिएको थियो ।

घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी टोली पुगेर अनुसन्धान सुरु गरेको छ । घटना मुचुल्का गरी शव पोस्मार्टमको लागि विराटनगर

वांकी अन्तिम पेजमा...

## भ्रष्टाचार विरुद्ध दिवसको अवसरमा सम्वाद

विराटनगर । भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रि दिवसको अवसरमा विराटनगर स्थित विष्णु माया पुस्तकालयको सहकार्यमा भ्रष्टाचार विरुद्ध नागरिक निगरानी संस्था मोरङले अन्तर सम्वाद कार्यक्रम सम्पन्न गरको छ ।

अन्तर सम्वाद कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले महानगर भित्र कसैलाई पनि भ्रष्टाचार गर्न नदिने प्रतिवद्धता व्यक्त गरका थिए । त्यसैगरी मोरङ व्यपार संघका अध्यक्ष नवीन रिजालले सरकारी तवरबाट भ्रष्टाचार न्यूनीकरण गर्न जरुरी रहेको भन्दै सरकारी कर्मचारी संचियो भने राजनीतिक कर्मीहरु पनि सचिन सकिने विचार व्यक्त गरेका थिए ।

उद्योग संगठन मोरङका कोषाध्यक्ष सुवोद कोइरालाले सरकारी कार्यालयमा कुनै पनि काम लिएर गयौं भने कर्मचारीहरुले कुनै न कुनै बहाना बनाएर काम ढिलो गर्ने, तर कर्मचारीका आसे पासेहरुलाई त्यही काम जिम्मा लगायौं भने काम छिटो हुने आरोप लगाएका थिए । देशमा भ्रष्टाचार न्यूनीकरण गर्नका लागि सरकारी निकाई, राजनीतिक कर्मीहरुले आफैबाट सुरु गर्नु पर्छ, अनि अनि मात्र अभ्रष्टाचार न्यूनीकरण गर्न सकिने संस्थाका सल्लाहाकार डा. कृष्ण पोखरेलले वताए ।

कार्यक्रममा संस्थाका अध्यक्ष मोहन भण्डारीले भ्रष्टाचारका विरुद्ध एक हुन सवै सरोकारवालाई आग्रह गरेका थिए ।

सम्वाद कर्यक्रमा नगरक्षेत्रका समाजसेवी, संघसस्थाका प्रतिनिधि र पत्रकारहरुको उल्लेखनीय सहभागीता रहेको थियो ।

## लागुऔषध सहित सात पक्राउ

विराटनगर । मोरङ र उदयपुर जिल्लाको छुट्टाछुट्टै स्थानबाट लागुऔषध ब्राउनसुगर र प्रतिबन्धित औषधी सहित सात जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोरङको बिराटनगर महानगर पालिका-१६ दरैया स्थितबाट लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले शुक्रवार भारतबाट नेपालतर्फ आउदै गरेका बिराटनगर-९ का ३३ बर्षीय जिवन तामाङ र खाँदबारी नगरपालिका-७ संखुवासभाका २८ बर्षीय हिरालाल

वांकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मिटरब्याजी...

एउटा समूह छ जो परिवार र घरभित्रको झैंझगडा र मुद्दाको खोजी गर्दै हिँड्छ। उस्तै मौका परे परिवारभित्र झगडाको सुष्टि पनि गराइदिन्छ ताकि त्यसैमा खेलेर सम्पत्ति कब्जा गर्न हत्याउन सकियोस्।

हुनत यो भन्ने हो भने एउटा निकृष्ट दलालको भूमिका हो तर तिनीहरू आफूलाई दलाल भन्न रुचाउँदैनन्। वास्तवमा दलाली एउटा पेसा हो।

उनीहरू मर्यादित पनि हुन्छन्। तर, यहाँका दलालहरू पैसा र सम्पत्ति प्राप्तिका निम्ति लुटपाट गर्न तत्पर छन्।

नेपालका जनसाधारण मिटरब्याजीबाट, सहकारीबाट, दलाल र फटाहाहरू सबैबाट पीडित छन्। यिनको भूमिका पुरानो जमानाका 'सुदखोर महाजन' जसले एक हजार ऋण दिएबापत पाँच हजारको कागजको लिखत बनाउने गर्थे तिनको जस्तै छ। यतिखेर पनि त्यस्ता सुदखोरहरू छ्याप्छ्याप्ती छन्।

त्यसका अतिरिक्त स्थानीय सरकारले बाटोघाटो, कुलोपैनी जस्ता निर्माणको निम्ति जनसहभागिताको नाममा जनतासँग बराबर पैसा मागेको देखिन्छ।

सरकारले दिएको विकासको बजेट बेपत्ता हुन्छ। निर्माणका काममा पैसा जनताको थैलीबाट जाने गर्छ। जनताको आय छैन, रोजगारी छैन, तिनको घर रित्तो छ तापनि तिनले यी ठूलाठालुको इच्छा कहाँबाट पुराउन सक्लान् ? (कार्की पूर्व प्रधानन्यायाधीश हुन्) १२खरीबाट

## हात्ती...

आतंकले बेलबारीमा लेटाङ ३ घर भएका ५३ वर्षीय कमल माझीको एक हप्ता अगाडी मृत्यूभएको थियो।

अहिले कोशी प्रदेशको झापा, मोरङ र सुनसरीको चुरे फेदीमा यतिबेला जङ्गली हात्तीले आतङ्क मच्चाएको छ। विगत केहिदिनयता मात्रै हात्तीको आक्रमणबाट झापामा २, सुनसरी र मोरङमा १-१ जना गरी ४ जना सर्वसाधरणको मृत्यु भइसकेको छ। गत मंसिर ५ गते हात्तीले आक्रमण गर्दा झापा दमकको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरका ७२ वर्षीय पदमलाल तामाङको मृत्यु भएको थियो। शिविर बाहिरको हम्सेदुम्से सामुदायिक वनको जङ्लमा तामाङलाई हात्तीले आक्रमण गरेको थियो।

यस्तै मंसिर १३ गते राती सुनसरीको इटहरीमा जंगली हात्तीको आक्रमणबाट इटहरी-२ का रविन खड्काको भएको थियो। चारकोशे झाँडीबाट वस्तीमा छिरेको हात्तीको बथान धपाउने क्रममा हात्तीले आक्रमण गरेपछि खड्काको मृत्यु भएको थियो।

प्रहरीका अनुसार इटहरीको वडा नं. २, ३, १९ र २०, मा हरेक रात हात्तीको बथानले भौतिक क्षति पनि गर्दै आएको छ। मंसिर १५ गते फेरि झापाको हल्दिबारी-३ स्थित रणकाली सामुदायिक वनका चौकीदार ४० वर्षीय धनबहादुर वनको पनि हात्तीको आक्रमणमा परी मृत्यु भएको थियो। जंगलबाट आएको एउटा हात्तीले उनलाई लछारपछार गरी कुल्चिएर मारेको थियो।

हात्ती विज्ञ डाक्टर नरेन्द्रबाबु प्रधान पनि हात्ती लखेट्न जानु नै ठूलो कमजोरी भएको बताएको छ। 'हात्ती धपाउने काम नै नगरौं। हात्तीले बाली खान्छ होला। तर, त्यसको लोभमा ज्यान फाल्नु भएन,' प्रधानले भने, 'बालीनालीको त राज्यले क्षतिपूर्ति दिन्छ नि। हात्तीलाई जति चलायो त्यति बहुलाउँछ। हात्तीलाई लखेट्न जाँदा धेरै मानिस मरिरहेका छन्।' उनले पनि पहिले पहिले भारतबाट नेपालमा डेढसय भन्दा बढीको हात्तीको हुल आउने गर्दथे। अहिले पनि त्यही हुल आएको हुनसक्ने उनको अनुमान छ। हात्ती आक्रमणमा परी भएको मानवीय तथा धनजनको क्षतिपुर्ति सरकारले दिनु पर्नेमा हात्ती विज्ञ प्रधानको जोड छ।

## पञ्चालीको...

स्थित कोशी अस्पताल पठाएको डिएसपी श्रेष्ठले बताए। पोस्मार्टमपछि थप विषय खुल्ने उनले बताए। 'अहिले घटनाको अनुसन्धान भइरहेको छ,।

## लागुऔषध...

बिश्वकर्मालाई १ ग्राम ४८ मिलिग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो।

सोहि दिन मिक्लाजुङ गाउँपालिका-९ का ३० बर्षीय सरोज मण्डल र उर्लाबारी नगरपालिका-५ का २४ बर्षीय रमेश सिंह लिम्बुलाई १ ग्राम १८ मिलिग्राम ब्राउनसुगर सहित प्रहरीले पक्राउ गरेको थियो। त्यसैगरी बिराटनगर-१५ बाट प्रतिबन्धित औषधी कोडिवेल कफ सिरप २ बोतल, नेटरोभेट-१० र स्पामो-२४ ट्याप्लेट सहित ईटहरी-४ का ४० बर्षीय खेमराज श्रेष्ठ र ईटहरी- ८ का ४६ बर्षीय पंकज सिंहलाई पक्राउ गरेको थियो।

उदयपुरको त्रियुगा नगरपालिका-६ स्थित प्रहरी चौकी लालपत्ताबाट खटिएको प्रहरी टोलीले त्रियुगा-२ का २४ बर्षीय सुरेन्द्र बस्नेतलाई डाईजेपाम, बुप्रिनोरफीन र फेनारागन गरी जम्मा ९ एम्पुल प्रतिबन्धित औषधी सहित शुक्रवार पक्राउ गरेको थियो।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ।


*यो धुमपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ।*



## हार्दिक अनुरोध

- *सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।*
- *बालश्रमको प्रयोग नगरौं ।*
- *आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।*
- *भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।*
- *अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।*
- *धर्म, संस्कृतिको संरक्षण गरौं ।*
- *सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।*
- *महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।*
- *जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।*

**बुढीगंगा गाउँपालिका**
**मोरंग, कोशी प्रदेश**

NO SMOKING



**जाजरको केन्द्र विन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी उद्धार, सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ ।**

| बैकको नाम | खाता नं. (चल्ती खाता) |
|---|---|
| - राष्ट्रि बाणिज्य बैक, पुतलीसडक | ११३०१००००३७६२००१ |
| - कृषि विकास बैक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| - नेपाल बैक लिमिटेड, काठमाण्डौ | ००२००१००५१००३९००००० |
| - एभरेष्ट बैक लिमिटेड, नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| - स्टान्डर्ड चार्टड बैक नेपाल लिमिटेड लाजिमपाट | ०००१०१३२४३८०१ |
| - ग्लोबल आइएमई बैक लिमिटेड, बानेश्वर | ००४०१०१००००००५७ |
| - हिमालयन बैक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| - नाविल बैक लिमिटेड, दरवारमार्ग | १७१००१७५०५२८५ |
| - हिमालयन बैक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

**नेपाल सरकार, विज्ञापन बोर्ड**



## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं ।



## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# अबैध धन्धा रोक्न इमानदारीता

हाम्रो समाजमा भौतिक सुविधाको लागि धेरैजसो व्यक्तिहरु अवैध धन्धा तिर लाग्ने गरको छन्। नेपाली समाजको कुरा गर्ने हो भने यहाँ बैध तरीकाले कुनै पनि व्यपार व्यवसायी भई रहको छैन। बैध तरीकाले व्यपार व्यवसाय गरेमा समान्य जीवन आपन वाहेक केही पनि हुन सक्दैन। छोरा छोरी समेतलाई पनि निजी विद्यालयमा पठनपाठन गराउन सक्दैन त्यसैले छोरा छोरीलाई सुविधा सम्पन्न विद्यालयमा पढाउन र समाजमा खोको शान देखाउन पनि अबैध धन्धामा लागेका छन्। अबैध धन्धा खास गरी भारतीय सिमासंग जोडिएको छ। सिमामा सयौको संख्यामा नेपाल प्रहरी र शसस्त्र प्रहरी तैनाथ गरेता पनि अबैध कारोवार दिन दुना रात चौगुना मौलाउँदै गएको छ।

भारतीय सिमावाट हुने अवैध तस्करी रोक्न सिमा नाकामा भन्सार राखिएको छ। नेपाल प्रहरीलाई खटाएको छ, शसस्त्र प्रहरीलाई खटाईएको छ तर पनि खुलेयाम तस्करी भई रहेको छ भने को दोषी ? मुलुकलाई तस्करी मुक्त, भ्रष्टाचार मुक्त वनाउन वा न्युनीकरण गर्न नेपाल सरकारका कर्मचारी तन्त्रले राम्रो भूमिका खेल्न सक्छ तर कर्मचारीमा नैतिक इमानदारीता हुन जरुरी छ। नेपालमा हुने हरेक अवैध धन्धामा कर्मचारी देखि नेता सम्मको सेटिङ हुन्छ। त्यो सेटिङ्गलाई रोक्न सकियो भने मुलुकका आन्दानी पनि वढछ र देशमा समृद्धि पनि आउँछ।

अबैध तस्करी धन्धा रोक्न अर्को उपाय हो नेपाल सरकारले लगाएको कर। भारतीय बस्तुमा लगाएको कर घटाउनु पर्छ। भन्सार भित्रका कर्मचारी र भन्सार एजेन्ट वीच हुने सेटिङ्ग रोक्न नियमक निकायले कदम चाल्नु पर्छ। सिमा नाकाहरुमा खटिएका प्रहरीलाई इमान्दार हुनु पर्दछ। यी यस्ता काम गर्न सकेमात्र अवैध धन्धा रोक्न सकिन्छ। अन्यथा व्यपारी मोटाउन मुलुकको अवस्था खस्किदै जाने पक्का छ। यस तर्फ समयमै ध्यान दिन जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# मिटरब्याजी अझै कसको संरक्षणमा छन् ?

**सुशीला कार्की**

सिनेमा हेरेजस्तो लाग्छ तर सत्य घटना हो। बाबुआमा, छोराछोरीसहितको मिलेको एउटा परिवार। आमा सरकारी निकायबाट सेवानिवृत्त हुँदा प्रतिमहिना उन्नात्तीस हजार पेन्सन पाउँदी रहिछन्।

बाबु प्राइभेट क्षेत्रको सेवामा तर सेवानिवृत्त भए पनि उनी निरन्तर काम गरी आर्जन गरिरहेकै रहेछन्। दुईवटी छोरी इज्जतआमदअनुसार विवाह भई आआफ्ना घरमा रहेबसेका छन्। स्नातकसम्मको अध्ययन गरी कुनै निजी कम्पनीको जागिरे एकमात्र छोराले भत्ता आदिसमेत गरी महिनाको पचास हजार जति कमाउँदा रहेछन्।

यसरी आमा, बाबु, छोराको गरी महिनामा एक लाख रुपैयाँ आम्दानी पनि हुँदोरहेछ जसबाट एउटा सुखी खुसी परिवार चलेको रहेछ। बसोबास निम्ति सानोतिनो भए पनि घर जोडेको र हिँडडुलका निम्ति बाबुछोराकै मोटर साइकल पनि रहेछ।

एउटा सानो सबल परिवार जोसँग आठ दस तोला सुन र बैङ्कमा दस बीस लाखको बचत पनि पटकपटक गरेर भएको रहेछ। छ महिनाअघि छोरालाई काम गर्दै आएको कम्पनीको जागिरबाहेक अरू थप काम गरेर आमदानी बढाउने जाग्यो। त्यसमा साथीसँग कुरा चल्यो। उनले चाहेको काममा लगानी गर्न थोरै समयका निम्ति साथीले ऋण दिलाउने आश्वासन दिएछ।

यसरी उसले साहुबाट तीन लाख रकम दिलायो। तर सर्त के राखिएछ भने दुई महिनापछि ऋणीले आफ्नो खातामा पैसा राखी दिने र साहुले ऋणीको खाताबाटै प्राप्त गर्ने गरी पटकपटक एक एक लाख झिक्न तीन थान सही गरेको चेक दिनुपर्ने। त्यसरी नै लेनदेन भयो र चेक आदानप्रदान पनि।

जनसाधारणलाई कानुनको दाउपेच थाहा हुने कुरै भएन। दुई महिनापछि ऋणीले पैसा खातामा राखी दियो, साहुले रकम पायो।

मामला सकिएको थियो। तर, केही समयपछि साहुले ऋणीलाई उसले सही गरेको खाली चेकबारे 'बाउन्स' गरी धम्की दिँदै थप रकम माग्यो।

ऋणीले आफ्नो तलबबाट रकम दिँदै गयो। यो प्रक्रिया चलिरह्यो। साहुले आफूसँग खाली चेक हुँदा भने जति रकमको अंक भरेर चेक बाउन्स गरी चेक अनादरमा मुद्दा चलाउने र जेल पठाउने धम्की दियो।

त्यसपछि युवा ऋणी डरायो। महिना, महिनामा बारम्बर 'ब्ल्याकमेल' गरी जति पटकपटक पनि रकम दिँदै गयो। साहु भने कहिल्यै अघाएन। किनभने ऊ थियो मिटरब्याजी।

ऋणीले त्यसरी ऋण लिएको विषयमा घरमा आमाबाबुलाई भनेको रहेनछ। त्यो कुरा थाहा पाएपछि साहु, बाबुआमा कहाँ आधा रातमा गएर धम्काए छ। अब दस लाख पाउनुपर्ने भनी दाबी गर्दै तर्साउन थाल्यो।

जवान छोराको चेक 'बाउन्स' हुँदा भएको नोकरी जाने, जेल जाने अनि चलिरहेको बिहेको कुरा पनि बिग्रनेजस्ता डर र बेइज्जत हुने देखेपछि उनीहरू डराए। छोरालाई घर सल्लाह नगरी ऋण लिएकोमा सक्दो गाली गरे। यसरी साहुलाई थुमथुम्याएर आफूसँग भएको आठ तोला सुन बेचेर नगद रकम दिए। एक थान चेक फिर्ता लिएर ढुक्क भएछन्।

फेरि समस्या केही समयपछि सुरु भयो। किनभने तीन थान चेक थियो।

अनि एउटा त अझै बाँकी रहेछ। साहुले केही मानिस भेला पारी एक दिन फेरि ऋणीलाई बाटोमा घेरेर उसको मोटरसाइकल र साँचो खोसे। बाटैमा जबर्जस्ती मोटर साइकल बेचेको कागजमा सहीछाप पनि गराए छन् र मोटर साइकल जफत गरेछन्।

यी सबै गैरकानुनी काम हुँदा बाबुछोरा कानुन व्यवसायी कहाँ सल्लाह गर्न र न्याय प्राप्तिका लागि किन गएनन् ? कारण कानुनी कारबाही गर्न गएमा मिटरब्याजीले ऋणीको परिवारलाई बराबर मार्ने र अपहरण गर्ने धम्की दिएको हुँदा डराएका रहेछन्।

मिटरब्याजीहरूले विना लिखत कागज आसामीलाई रकम दिँदा रहेछन्।

तिनको रकम साँवाब्याज उठाउने बल भनेको हतियार, गुण्डा र डर धाकधम्की नै रहेछ। यसपछि पीडित परिवार मुक्ति पाउने आशामा राजनीतिक संगठनको सहरामा गयो। नेताहरूको दबाबबाट केही छुटकारा पाउने आशासहित। दलका नेता पनि गंगाजलले नुहाएको हुने कुरै भएन। स्थानीय नेताले दुई पक्षलाई मिलाउने भनेर बोलाए र छलफल गराए।

मिटरब्याजीले आफूले ऋण दिएबापत कुनै रकमको साँबाब्याज नपाएको, ऋणीले बरु पचास लाख रकम आफूसँग लिएको भनी बसोबास गरेको ऋणीको घर पाउनुपर्ने थप दाबी गरेछ। यसपछि पीडितहरू बसोबास गरेको घर जग्गा देखाउन दिनदिनै ग्राहक ल्याउन सुरु गरेछ।

ऋणीहरू अति भएपछि बल्ल प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी लिएर पुगेछन्। त्यसपछि प्रहरी कहाँ कारबाही गर्न भनी पठाइयो। प्रहरीको ठूलो हाकिमको तहतह हुँदै सानो तहसम्ममा पुग्दा, दुवै पक्ष मिलेर आउनु भनी सल्लाह र सुझाव पाएछन्।

मिटरब्याजी साहु, ऋणीको कब्जा गरेको मोटरसाइकलमा नै सानका साथ ढल्किदै प्रहरी कार्यालयबाट हाँस्दै निस्कियो। हुइँकियो। ऋणीको नाम दर्ता भएको मोटरसाइकल बाटोघाटो मा कागज लिएदिएको लेख्दैमा कानुनको रीत नपुगेको र स्थानीय निकायको रोहवरमा तयार नभएको लिखतबाट ऋणीको हक जाँदैन भन्ने त स्पष्टै छ।

अझ रोचक कुरा त के रहेछ भने पैसा दिलाउने ऋणी युवाको मित्र नै मिटरब्याजीको भित्रिया मिलुवा रहेछ। ऊ ऋण दिलाएबापत कमिसन खाँदो रहेछ। तसर्थ, उसले प्रहरीसमक्ष ऋणी युवाले साहुसँग पचास लाख रुपैयाँ ऋण लिएको हो भनी ठोकुवाका साथ प्रमाणित गर्न पुगेको थियो।

मोटर साइकलको जबर्जस्ती कागज बनाउने लेखनदास पनि मिटरब्याजीसँग लेखापढी गरेबापत प्रतिशतका दरले खाने मिलुवा रहेछ। यसरी तीन लाख रकम दिएर पचास लाख असुल गर्न खोज्ने मिटरब्याजीलाई असुलीमा सहयोग गरी वातावरण कसले मिलाई दिएको हो ?

सरकारले मिटरब्याज असुलीविरुद्ध कानुन त बनाएको छ। कानुन बनाएरमात्र हुँदैन। सानालाई ऐन ठूलालाई चैन व्यवहारमा रहिरहने हो भने त्यसको के अर्थ रहन्छ ?

नागरिकको जीउधनको सुरक्षा राज्यले गर्नुपर्छ। राज्यले असहाय नागरिकलाई कानुनको ज्ञान र कानुनी उपचारको व्यवस्थासमेत गर्न आवश्यक छ। मिटरब्याजको कारण मानिसले आत्महत्यासमेत गरेको उदाहरण छ। कति त घरबारै छाडी भागेका छन्। जनताले राज्यलाई कर तिरेका त्यही शान्ति सुरक्षाका निम्ति त हो। राज्यले मानिस अन्यायमा पर्दा न्याय नदिने नदिलाउने हो भने संविधानको, कानुनको के काम ?

अर्कातिर उल्लेखित परिवार लाई सहकारीले पनि ठूलो रकम लुटेको रहेछ। पन्ध्र प्रतिशत ब्याजको प्रलोभन देखाएको कारणबाट उनीहरूले आफू र आफन्त ज्वाइँ, चेलीबेटीसमेतको पैसा त्यसमा राखिदिन पुगेका रहेछन्।

सहकारीले सो रकम बेपत्ता पारी दिएकाले आफ्नो त गयो, अरूको पैसासमेत घरवार धितोमा राखेर तिर्दा त्यसको ब्याज महिना महिनामा चुक्ता गर्नु परेकाले नुन र फूको भातको सिताले दिन गुजार्नु परेको छ।

नेपालमा जो ताकतवर छ, जो टाठोबाठो छ, जोसँग राजनीति गर्नसक्ने क्षमता छ त्यसको मात्र आधार छ। सोझासिधाको हकमा कुनै उपाय छैन। टाठाबाठाहरूलाई महँगी र आर्थिक मन्दी पनि आएको छैन। रोजगारी पाउन र व्यवसाय गर्न पनि तिनलाई बाधा छैन।

कसैको राम्रा घडेरी छन्, जग्गा जमिन छन् भने कैंटे दाउ लगाएर पुलिस प्रशासन मिलाएर कब्जा गर्न तिनलाई न त धक छ न त लाज छ।

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# बजेट कार्यान्वयनमा लाग्न प्रदेश सचिवहरुलाई मुख्य मन्त्रीको निर्देशन




विराटनगर। खर्च गर्ने क्षमता बढाउँदै चालू आर्थिक वर्षको बजेटको सफल कार्यान्वयनमा लाग्न कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले निर्देशन दिएका छन्।

चालू आर्थिक वर्षको बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने भन्दै मुख्यमन्त्री कार्कीले प्रदेश मन्त्रालयका सचिवहरुसँग सोमबार छलफल गरी सो निर्देशन दिएका हुन्।

"अब बजेट कार्यान्वयनमा ढिलासुस्ती गर्न कुनै पनि बाहना छैन्। बजेट कार्यान्वयन गर्न के के कुराले रोक्छ ऐन कार्यविधि नियमावली जे बाधक बनेका छन् ती सबै संशोधन गर्न नयाँ बनाउन परे सरकार तयार छ," कार्कीले भने। जनताको काम गर्न अलमल गर्ने छुट कसैलाई नभएको भन्दै कार्कीले वातावरण मैत्री र मानवीय विकास प्रदेश सरकारको प्राथमिकता भएको बताए।

"सेवाग्राहीलाई सम्मान गर्दै मानवीय विकासमा जोड दिदै खर्च गर्ने क्षमता बढाएर सुशासन कायम गर्दै अगाडिका चुनौतीहरूलाई समाधान गर्नुपर्ने वताए।" सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन आवश्यक सुधार गर्ने, जनसेवा, नागरिक अधिकारको रक्षा र सुशासन कायम गर्ने, निकायगत समन्वय कायम गरी कामलाई गति दिने नीति सरकारको भएको मुख्यमन्त्री कार्कीले वताए।

राजनीति र प्रशासनबीच विश्वासको वातावरण निर्माण गरी शासन, विकास र सेवा प्रवाह गरिनुपर्नेमा जोड दिदै "कार्यान्वयन गर्ने निकायमा कुनै पनि राजनीतिक दबाव, प्रभाव आए त्यसको जिम्मेवारी म लिन्छु।" बजेट कार्यान्वयन गर्न आवश्यक पर्ने कानून, कार्यविधि, निर्देशिका निर्माण गर्नुपर्ने वा संशोधन गर्नुपर्ने भए पहिचान गरी मन्त्री तथा मुख्यमन्त्री समक्ष पेश गर्न मुख्यमन्त्रीले निर्देशन दिएका थिए।

प्रमुख सचिव दिपक कुमार काफ्ले सबै मन्त्रालय तथा निकायले १० दिनभित्र बजेट कार्यान्वयन कार्ययोजना निर्माण गरी मुख्यमन्त्री कार्यालयमा पेश गर्ने र सोही कार्ययोजना अनुसार कार्यान्वयन गर्ने बताए। भने,"संविधान, प्रचलित कानून तथा प्रदेश आर्थिक ऐनले पहिचान गरेका प्रदेशको अधिकार क्षेत्रभित्रका राजश्वका क्षेत्रहरुबाट अनुमान गरेको राजश्व संकलन गर्न सबै संयन्त्रहरु अनुशासित ढंगले क्रियाशील हुनुपर्छ।"

छलफलमा स्थानीय तहले संकलन गरी विभाज्य कोष मार्फत प्रदेश सरकारमा आउनु पर्ने राजश्व सबै स्थानीय इमान्दारी पूर्वक नपठाएको गुनासो आएको भन्दै मुख्यमन्त्री कार्कीले आवश्यक समन्वय गरिनुपर्नेमा जोड दिएका थिए।

# सहकारीद्धारा दुई करोडको लगानीमा पोलिक्लिनिक




विराटनगर। सन्चो जनस्वास्थ्य सहकारी लिमिटेडद्धारा विराटनगर महानगरपालिका वडा नं. ७ हस्पिटल चौकमा २ करोडको लगानीमा पोलिक्लिनिक संचालनमा ल्याएका छन्।

उक्त पालिक्लिनिकको विधीवत रुपमा विराटनगर महानगरपालिका मेयर नागेश कोइरालाले रिवन काटेर समुद्घाटन गरेको हो। सन्चो जनस्वास्थ्य सहकारी संस्था लिमिटेड २०७० सालमा स्थापना भई निरन्तर स्वास्थ्य क्षेत्रमा जनताको सेवा गर्दै फड्को मार्दै आई रहेको संस्थाका अध्यक्ष ध्रुवलाल उरावले वताए।

सन्चो जनस्वास्थ्य सहकारी संस्था लिमिटेडद्धारा प्रर्वद्धित सन्चो रिफरेन्स लेवरोटरी एण्ड डाइगनोष्टीक सेन्टर यस भन्दा अगाडी नै संचालनमा ल्याईसको छ। संस्थामा ७७ जना स्वास्थ्य पेशासंग संम्बन्धि शेयर सदस्य रहको छ भने संस्थाको शेयर पुँजी ८० लाख रहेको संस्थाका सचिव जितेन्द्र झाले वताए।

कुनै पनि सहकारी संस्थाका सदस्यले आफ्नो परिचयपत्र सहित आएमा पोलिक्लिनिकवाट ३५ देखि ५० प्रतिशत छुट पाउने छ भने शनिवार रगत लगायतका अन्य परिक्षण गराउँदा ५० प्रतिशत छुट दिने छ।

पोलिक्लिनिकमा डाक्टर दिवाकर विश्वास सर्जन, डा. संतोष नेपाल अर्थोपेडिक, डा. विभा मण्डल स्त्री रोग विषेशज्ञ, डा. सचिदानन्द दास फिजिसिय को सेवा उपलब्ध छ। पोलि क्लिनिक मा ल्याव सम्बन्धि सम्पूण जाँच, भिडियो एक्सरे, एक्सरे, इसीजी, लगायतको सेवा रहको झाले वताए।

## स्वास्थ्य

# शरीरमा पानी कम हुँदा देखिने समस्या

शरीरमा पानीको मात्रा शरीरबाट निस्किएको पानीको मात्राभन्दा कम हुन्छ भने त्यस्तो अवस्थामा डिहाइड्रेसन हुन्छ। हाम्रो शरीरबाट कुनै न कुनै तरिकाबाट पानी बाहिर निस्कन्छ। पिसाब या पसिनाको माध्यमबाट शरीर पानी शरीरबाट बाहिर निस्कन्छ।

१. थकान

पानीले शरीरलाई उर्जा दिन्छ। डिहाइड्रेसनका कारण इन्जाइममा असर पर्छ, जसबाट शरीको सबै प्रक्रियामा असर पर्छ। पानी कम हुने कारण थकान र सुस्तता महसुस हुन्छ। शरीरमा उर्जा नहुँदा मानिस शारीरिक रुपमा सक्रिय हुन सक्दैनन्।

२. दम

जब शरीरमा पानीको कमी हुन्छ, त्यसपछि श्वासप्रश्वास प्रणालीमा समस्या पैदा हुन्छ। जसका कारण श्वास लिन समस्या हुन्छ। यदि अचानक दम हुन्छ भने बिरामीलाई बढीभन्दा बढी पानी पिउन दिनुपर्छ। पानीका साथ जूस, नरिवल पानी, लस्सी आदि भरपूर पिउन दिनुपर्छ। यसबाट तीब्र गतिमा श्वास लिने समस्या कम हुन्छ।

३. रक्तचाप

गर्मीमा अक्सर पसिना बढी बग्दा शरीरको र गतमा मौजूद पानीको मात्रामा कमी आउन सक्छ। यस्तो अवस्थामा धेरैपानी खाने सल्लाह दिइन्छ। उच्च रक्तचापका बिरामीले छिन छिनमा पानी पिउनुपर्छ। शरीरबाट पानी निस्क्यो भने रक्तचाप कम हुन सक्छ।

४. उच्च कोलेस्टेरोल

उच्च कोलेस्टेरोल एक समस्या हो, जो मुटुका लागि घातक हुन सक्छ। जब आवश्यकताको हिसाबले पानी पिइदैंन, शरीरले बढी मात्रामा कोलेस्टेरोल निमाृण गर्छ। यदि शरीरलाई पर्याप्त पानी मिल्ने हो भने कोलेस्टेरोलको समस्या पैदा हुँदैन।

५. छालासम्बन्धी समस्या

पानीमार्फत छालाको राम्रो हेरचाह हुन्छ। छालाले शरीरका लागि सुरक्षाकवच को काम गर्छ। यसले पानीको स्तर पनि नियन्त्रित गर्छ। पानी भरपूर पिउनाले छाला नरम पनि बन्छ। पानीको कमी हुँदा छाला रुखो र निस्तेज हुन्छ। डिहाइड्रेसन हुँदा छालामा डर्मटाइटिस, सराइअसिसजस्ता विभिन्न समस्या निम्तने डर हुन्छ।

६. पाचनसम्बन्धी समस्या

शरीरले पर्याप्त पानी नपाउँदा क्याल्सियम र म्याग्नेसियमको कमी हुन्छ, जसबट शरीरमा पाचन सम्बन्धी कयौं समस्या निम्तन सक्छ। जस्तै, अल्सर, ग्यास आदि। खाना पचाउन पनि पानी आवश्यक हुन्छ।

७. तौल बढ्ने

खानाबाट प्राप्त क्यालोरीलाई जलाउन पानीको महत्वपूर्ण भूमिका हुन्छ। पानीको मात्रामा कमी आउनाले क्यालोरी जलाउन पर्याप्त पानी नपाउने हो भने बोसो कम नष्ट हुन्छ र तौल बढ्ने समस्या हुन्छ।

८. मानसिक स्वास्थ्यमा असर

डिहाइड्रेसन मानिसको दिमागको कार्यकुशलतालाई प्रभावित गर्न सक्छ। लण्डनमा मनोचिकित्सा संस्थानका अनुसन्धानकर्ताहरुले के पाए भने शरीरमा जब पानीको कमी हुन्छ, त्यसले उसको दिमागी गतिविधिमा निकै असर पार्छ।

९. मधुमेह

मधुमेह पीडित हुँदा बढेको ब्लड सुगरको स्तर पिसाबको रुपमा बहिर निस्कन्छ। योभन्दा बढी भयो भने कमजोरी महसूस हुन्छ र शरीरमा पानीको कमी हुन्छ।

१०. जोर्नीमा प्रभाव

पानीले हाम्रो जोर्नी र मांसपेशीलाई नरम बनाउँछ। यसको कमी हुनाले जोर्नी वा मांसपेशीमा पीडा हुन सक्छ। शरीरमा पानीको कमीका कारण रगतको मात्रामा पनि कमी आउन सक्छ। रगतमा आउने यो कमीका कारण जोर्नीको समस्या पनि आउन सक्छ।

११. मिर्गौलाको समस्या

शरीरमा निरन्तर चलिरहने अनेक खालका रासायनिक क्रियाका कारण केही विषालु तत्वको निमाृण हुन्छ। यी विषाक्त पर्दा शरीरबाट बाहिर निकाल्न जरुरतहुन्छ। पानी कमहुँदा यस्ता विषालु तत्व शरीरमा बनिरहन्छन् र कयौं प्रकारका रोग लाग्न सक्छन्। स्रोत: वान्लीमाइ हेल्थ






# दोहमना बजार समिति गठन गरिसकेपछि पत्र पठाएकोमा आपत्ती

विराटनगर। मोरंगको रंगेली नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक रुपमा रहेको दोहमना हाट बजार व्यवस्थापन समिति गठन गरी सकेपछि पत्र पठाएकोमा मुख्य राजनीतिक दलहरुले आपत्ति जनाएका छन् ।

दोहमना हाटबजार व्यवस्था पन समिति गठन सम्वन्धी पत्र २०८० मंसिर ८ को चलानी नं. ७२४ को पत्रको म्याद सकेपछि हामीलाई पत्र प्राप्त भएको भन्दै मुख्य राजनीतिक दलहरुलाई पाखा लगाई एकलौटी रुपमा दोहमना बजार व्यवस्थापन समिति गठन गरी पत्र पठाएको भन्दै घोर असहमति र आपत्ति जनाएको हो ।

आपत्ति जनाउने राष्ट्रिय राजनीतिक दलहरुमा नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादी पार्टी नगर उपाध्य, जनता समाजवादी पार्टी नगर उपाध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी माओवादी नगर अध्यक्ष, नेपाली काँग्रेस नगर सभापतिले संयुक्त रुपमा मंसिर २० गते बुधवार प्रेस विज्ञप्ती मार्फत आपत्ती जनाएका छन् ।



दुहमना ऐतिहासिक बजार हो साथै बजारमा साना ठूला व्यपारीहरुका दैनिक गुजारा गर्ने मुख्य आर्थिक स्रोत रहेकोमा अहिले मनपरी ढंगले एकलौटी रुपमा दहसत शैलीमा बजारका व्यपारीहरुलाई धम्क्याउने, तर्साउने तथा हरेक बजारको दिन व्यपारीहरुलार्य अव्यवस्थित रुपले यताउता सार्ज लगाई मानसिक रुपमा दवाव दिएको कार्यलाई समेत भर्त्सना गरको विज्ञप्तीमा उल्लेख छ ।

विगतका दिनहरुमा दोहमना बजार व्यवस्थापन समिति गठन गर्दाको नजिर अनुसार सम्बधित बजार परिसर मै बसेर स्थानिय जनताको सहभागितामा गठन गरिने भएकोमा त्यसलाई वास्तै नगरी कुनै गोप्य कोठामा बसेर आफु खुशी एकलौटी रुपमा आफ्नो व्यक्तिगत र पार्टीगत स्वार्थलाई सर्वोपरी ठानी राष्ट्रिय नियम विरित बनाइएको बजार व्यवस्थापन समितिमा तपाईहरु को गलत कार्यको साक्षी बन्नको निमित्त राजनैतिक दलहरुले प्रतिनिधि पठाउनुको कुनै औचित्य नभएकाले सो व्यवस्थापन समितिमा हाम्रो सहभागिता नरहने निर्णय गरेको विज्ञप्तीमा उल्लेख छ ।

उक्त दोहमना बजार व्यवस्थापन कोठे समितिलाई यथासिघ्र भंग गरी सर्वदलिय, सर्वपक्षिय, स्थानिय व्यपारी तथा सरोकार वाला, बुद्धिजीवि आदिको संलग्नतामा पुनः सम्बधित ठाउँमा समिति गठनको जोडदार माग गरेका छन् ।

# भ्रष्टाचार मुद्दा लगायतका झापा र मोरंग गरी तेरह जना फरार प्रतिवादी प्रहरीको फन्दामा

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले भ्रष्टचार (राजश्व रकम हिनामिना) मुद्धामा सम्मानित विशेष अदालत बबरमहल, काठमाण्डौको मिति २०७९ चैत ८ गतेको फैसला आदेशले ७ बर्ष ११ महिना २३ दिन कैद र ४ करोड ३४ लाख ५ हजार ५ सय ९४ रुपैया जरिवाना तोकिई फरार रहेका बिराटनगर महानगरपालिका-३ का मणिराज दाहाल, ६ बर्ष कैद र १ करोड १ लाख ६५ हजार ८ सय १२ रुपैया जरिवाना तोकिएका कुमार बहादुर कटुवाल रहेका छन्

त्यसैगरी ९ बर्ष कैद र २८ करोड १५ लाख ९३ हजार ८ सय ८४ रुपैया जरिवाना तोकिएका टिकाराम अधिकारी, ८ बर्ष ६ महिना कैद र २२ करोड ४५ लाख २७ हजार ६ सय ७६ रुपैया जरिवाना तोकिई फरार रहेका देवराज नेपाल र ८ बर्ष कैद र १२ करोड ३५ लाख २९ हजार ३ सय ४२ रुपैया जरिवाना तोकिएका बिराटनगर-४ का नयराज नेपाललाई खोजतलास गर्ने क्रममा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा प्रहरीले फेला पारी



पक्राउ गरेको थियो ।

त्यसैगरी फरार प्रतिवादी पक्राउ अभियान अन्तर्गत जिल्ला प्रहरी कार्यालय झापा तथा मातहत प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले पशुपंक्षी मुद्धामा जिल्ला अदालत झापाको मिति २०७८ पुस २२ गतेको फैसलाले ४ महिना ११ दिन कैद भई फरार रहेका दमक- ३ का ३६ बर्षीय खगेन्द्र दुलाल, सोहि मुद्धामा मिति २०७९ चैत ३० गतेको फैसलाले जनही ११ महिना १० दिन कैद फैसला भई फरार रहेको अर्जुनधारा- ७ का ३० बर्षीय बिर बहादुर दनुवार र अर्जुनधारा- ५ का २१ बर्षीय भोटे भन्ने इमोन तामाङ्लाई पक्राउ गरेको हो । त्यसैगरी डाका मुद्धामा सम्मानित मोरङ जिल्ला अदालतको २०७९ बैशाख ४ गतेको फैसलाले कैद २ महिना ६ दिन र नगद ३ हजार रुपैया जरिवाना फैसला भई फरार रहेका थिए ।

केरावारी-६ का २१ बर्षीय रोजिस राई, कुटपिट अंगभंग मुद्धामा २०७८ पुस २० गतेको फैसलाले नगद १० हजार रुपैया, कैद ७ दिन भएका २३ बर्षीय बिकास मुकारुम राई र जाल साझी घोषित मुद्धामा मिति २०७८ पुस १४ गतेको फैसलाले नगद ५ हजार रुपैया जरिवाना भएका ५२ बर्षीय मदन अर्याललाई ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

यसैगरी प्रहरी चौकी कटहरीबाट खटिएको प्रहरी टोलीले चोरी मुद्धामा नगद ६ हजार ५ सय जरिवाना र २ महिना ७ दिन कैंद तोकिएका कटहरी गाउँपालिका- १ का २८ बर्षीय करण श्रेष्ठ र सार्वजनिक मुद्धामा १८ सय रुपैया जरिवाना तोकिएका ४५ बर्षीय भुपाल यादवलाई खोजतलास गर्ने क्रममा गाउँघरबाटै पक्राउ गरेको थियो ।

पक्राउ परेका उनिहरुलाई सम्वन्धित सम्मानित जिल्ला अदालतमा उपस्थित गराईएकोमा तिकिएको कैद तथा जरिवाना भुक्तानको लागि जिल्ला कारगार पठाईएको छ ।




# अल्छीकै कारण करोडपति बनिन यूवती

के दुनियामा कुनै मानिस अल्छी गरेकै कारण करोडपति बनेको सुन्नुभएको छ ? करोडपति बन्नका लागि त जाँगर चलाएर काम पो गर्नुपर्ला । तर, यहाँ कोही यस्ता भाग्यमानीहरु प्नि छन् जसले कुनै सीप नै नसिकी आफ्नो आलस्यताकै सहारामा मनग्गे पैसा कमाएर करोडपति बनेकी छिन् ।

ती महिलाको नाम पाविनी लर्टजितब्यानजोंग हो । उनको उमेर ४२ वर्षको भयो । आफूले लामो समयसम्म मेहेनत गर्ने ध्याउन्नमा आफ्नो जीवन नै बर्बाद गरेको उनी बताउँछिन् । यद्यपि वैवाहिक सम्बन्ध टुटेपछि भने उनको भाग्य बदलियो ।

डिभोर्सपछि उनको ऋण करीब १ लाख डलर पुगेको थियो । जसका कारण उनले आफ्नो जीवनमा धेरै परिवर्तन गर्नुपर्यो । आफु अल्छी भएर करोडौं पैसा कमाएपछि उनी अहिले अरु मानिसहरुलाई कसरी अल्छी भएर धनी बन्ने भन्ने कला सिकाउँछिन् ।

डेलीमेलमा प्रकाशित रिपोर्ट उनी अमेरिकाको न्युजर्सीमा बस्छिन् । उनको कमाई वर्षको ३ लाख ८० हजार डलर भन्दा धेरै छ । र, यसरी वर्षको ५ करोड रुपैयाँ भन्दा धेरै रकम कमाउनका लागि उनले आफुलाई धेरै कष्ट दिनुपनि पर्दैन । उनी घरमै बसेर एउटै काम गर्छिन् र कहिल्यै ओभरटाइम पनि गर्दिनन् ।

पाविनी भन्छिन्, ‘म आफूलाई अल्छी करोडपति भन्दछु किनकि मैले आफ्नो पैसा कुनै नयाँ सीप नसिकीकनै कमाएकी हुँ । मैले घर बसेरै काम गर्दुछु, जिमखानामा पैसा खर्च गर्दिन । मलाई खाना पकाउन मन पर्दैन न त सरसफाई गर्न । मैले नेटवर्किंग इभेन्टमा गएर समय बर्बाद गर्दिन । मैले अल्छी जिवनशैली बिताउँछु र यसले मलाई अझै उत्कृष्ट बनाएको छ ।

उनका बुवा-आमा थाइल्याण्डबाट शरणार्थीको रुपमा अमेरिका पुगेका थिए । त्यसबेला उनले आफ्नो जीवनमा अरु मानिसले भन्दा १० गुणा धेरै मेहेनत गर्नुपर्ने ठानेकी थिइन् । त्यसैले सुरुसुरुमा उनले निकै मेहेनत गर्नुपर्ने काम पनि स्वीकार गर्थिन् ।

मान्छेहरुलाई खुसी बनाउन तर्फ लाग्थिन् ताकि कुनै राम्रो मौका हातबाट नफुत्कियोस् । केवल मेहेनतले मात्र सफलता प्राप्त हुन्छ भन्ने उनको सोँचाई थियो । बढुवाका लागि निकै मेहेनत गर्नु पर्दथ्यो । तर सन् २०१९ मा उनको वैवाहिक सम्बन्ध टुट्यो ।

सन् २०२० को मार्चमा औपचारिक रुपमा डिभोर्स भएपछि वकिल तथा अन्य कानूनी शुल्कका कारण उनको ऋण बढेको थियो । त्यहीँबेला कोरोना महामारी आयो । जहाँ संकट त्यहाँ उपाय भनेजस्तै उनले सबैकुरा परिवर्तन गरिन् । त्यसपछि सबै कुरा ठीक हुँदै गयो र उनले पैसा कमाउन थालिन् मनग्गे ।

आफू अल्छी भएरै करोडपछि भएकी पाविनीले मानिसहरुलाई धनी बन्ने चारवटा टिप्स दिएकी छिन्, जुन यस्ता छन् :

- यदि तपाइँलाई हरेक दिन खाना पकाउन मन पर्दैन भने सप्ताहन्तको एक दिन निकाल्नुहोस् र हप्ताभरको खानाको बन्दोबस्त गर्नुहोस् ।
- आफ्ना सबै बिलहरु तुरुन्तै भुक्तान गर्नुहोस् र बिल तिर्नका लागि भाका नपन्छाउनुहोस्
- जिमको सदस्यतामा पैसा खर्च गर्ने चिन्ता नगर्नुहोस् । केवल खानाका लागि केही पाइला हिड्नुहोस् ।
- नेटवर्किंग इभेन्टहरुमा जानबाट बँच्नुहोस् । यदि तपाईलाई मानिसहरुसँग चिनाजानी बढाउनुपर्ने छ भने तपाइँ त्यस्ता कार्यक्रममा जान सक्नुहुन्छ ।
- आफूले कडा मेहेनत गर्नुको साटो स्मार्ट काम गर्ने निर्णय गरेको उनी बताउँछिन् । कार्यालयमा आफ्नो बढुवा गरिदिन सक्ने अधिकार वा सरोकार भएका मानिसहरुसँग मात्रै उनले चासो राख्छिन् ।

उनले केवल सफल मानिसहरुलाई मात्र साथी बनाइन् । नेटवर्किंग कार्यक्रममा जान बन्द गरिन् । उनले एउटै जागिरमा ओभरटाइम गर्नुको साटो बँचेको समयमा कुनै दोश्रो काममा लगाउने फैसला गरिन् ।

आफ्नो पैसा शेयरमा लगानी गरिन् जसबाट उनले वर्षमा १ लाख २६ हजार डलर कमाउँछिन् । उनले यसरी कमाएको रकमबाट सबै ऋण तिरेर घर तथा गाडी मात्र किनेकी छैनिन् सपरिवार आफ्नो मातृभूमि बैंकक समेत घुमेकी छिन् ।

सन् २०२४ मा अन्य देशहरुमा समेत घुम्ने उनको योजना छ। एजेन्सीको सहयोगमा

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

